जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक
## राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ ✲ अंक : ३१ ✲ २०८३ साल जेष्ठ ०३ गते, आईतबार ✲ Sunday, May.– 17 2026 ✲ मूल्य रु. ५/- पृष्ठ : ४

## कवही गोठ-मटिअर्वा-छतवा मुसहरवा केन्द्रमा तस्करी सञ्जाल सक्रिय, भोला साहले रुट बदल्दै सक्रिय

***संवाहक सम्वादाता****-०२ जेष्ठ, कलैया*

बारा जिल्लाको सीमावर्ती क्षेत्रमा संगठित तस्करी गतिविधि तीव्र रूपमा बढ्दै गएको भन्दै स्थानीयवासीले गम्भीर चिन्ता व्यक्त गरेका छन्। विशेषगरी मटिअर्वा क्षेत्र, कवही गोठ र छतवा मुसहरवा लाई तस्करी सञ्जालको मुख्य 'लिड रुट' तथा केन्द्रका रूपमा प्रयोग गरिएको आरोप स्थानीयले लगाएका छन्।

स्थानीयका अनुसार यी क्षेत्रहरू हुँदै भारतबाट लत्ता-कपडा, चकलेट, सुर्ती, मदिरासँगै माछा, उच्च मूल्यका किराना तथा अन्य महँगा उपभोग्य सामग्री समेत अवैध रूपमा नेपाल भित्र्याइँदै आएको छ। पछिल्लो समय सस्तो सामानभन्दा बढी मूल्यका वस्तुहरू व्यवस्थित ढंगले रातको समयमा ओसारपसार हुने क्रम बढेको उनीहरूको दाबी छ।

यसैबीच कपडा तस्करीमा संलग्न रहेको भन्दै भोला साह नामका व्यक्तिले विभिन्न वैकल्पिक रुटहरू प्रयोग गरी कारोबार निर्वाध रूपमा सञ्चालन गर्दै आएको आरोपसमेत स्थानीयस्तरमा उठेको छ। स्थानीयवासीका अनुसार उनी तथा उनको समूहले सुरक्षा चेकजाँच छल्दै फरक-फरक नाकाबाट सामान भित्र्याउने र पछि मटिअर्वा-कवही गोठ-छतवा मुसहरवा रुटमार्फत वितरण गर्ने गरेको दाबी गरिएको छ।



मटिअर्वा क्षेत्रबाट सुरु हुने ओसारपसार कवही गोठ हुँदै छतवा मुसहरवा क्षेत्रसम्म फैलिने र त्यहाँबाट कलैया, बरियारपुर तथा आसपासका बजारसम्म वितरण हुने गरेको स्थानीय स्रोतले जनाएको छ। यसरी यी तीनै क्षेत्रलाई जोडेर तस्करी सञ्जाल सक्रिय रूपमा सञ्चालन भइरहेको आरोप छ।

स्थानीयवासीका अनुसार दिनको समयमा सामान्य चेकजाँच भए पनि रातको समयमा ठूलो परिमाणमा सामान निर्वाध रूपमा भित्रिने गरेको गुनासो बढ्दो छ। "दिनमा कडाइ देखिन्छ, तर राति सेटिङमा खुलेआम महँगा सामान आउँछ," एक स्थानीयले बताएका छन्।

सुरक्षा निकायलाई गतिविधिबारे जानकारी भए पनि प्रभावकारी नियन्त्रण हुन नसकेको आरोप स्थानीयको छ। उनीहरूले मटिअर्वा, कवही गोठ र छतवा मुसहरवा क्षेत्रमा विशेष निगरानी बढाउँदै संगठित तस्करी नियन्त्रण गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

## वीरगञ्ज भन्सारको राजस्व उत्साहजनक, तर लक्ष्य भेट्न अझै चुनौती

***संवाहक सम्वादाता****-०२ जेष्ठ, कलैया*

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो १० महिनामै झन्डै दुई खर्ब रुपैयाँ राजस्व सङ्कलन गर्नु सकारात्मक संकेत हो। देशकै प्रमुख व्यापारिक नाकामध्ये एक मानिने वीरगञ्ज भन्सारले साउनदेखि वैशाखसम्म एक खर्ब ९९ अर्ब ४० करोड रुपैयाँ राजस्व उठाउनु अर्थतन्त्रका लागि महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। पेट्रोलियम पदार्थ, सवारीसाधन र तिनका पार्टपुर्जाबाट भएको आयातले राजस्वको मुख्य आधार धानेको देखिन्छ।

तर, उपलब्धिसँगै केही गम्भीर प्रश्न पनि उठेका छन्। भन्सार विभागले दिएको दुई खर्ब २३ अर्ब १८ करोडको लक्ष्यको तुलनामा हालसम्म करिब ८९ प्रतिशत मात्र राजस्व उठ्नुले लक्ष्य प्राप्ति अझै चुनौतीपूर्ण रहेको देखाउँछ। अझ वार्षिक लक्ष्य दुई खर्ब ७३ अर्बभन्दा बढी राखिएको अवस्थामा बाँकी दुई महिनामा ठूलो रकम उठाउनुपर्ने दबाब




कार्यालयमाथि रहनेछ।

राजस्व वृद्धिलाई केवल आयात बढेको संकेतका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। यदि अत्यधिक राजस्व आयातित पेट्रोलियम, सवारीसाधन र विदेशी वस्तुमै निर्भर रहन्छ भने यसले देशको उत्पादनमुखी अर्थतन्त्र कमजोर रहेको तथ्य पनि उजागर गर्छ। आत्मनिर्भर अर्थतन्त्रको चर्चा भइरहँदा आयातमा आधारित राजस्व प्रणाली दीर्घकालीन रूपमा जोखिमपूर्ण बन्न सक्छ।

वीरगञ्ज नाकाबाट हुने तस्करी, न्यून बिलिङ, अवैध कारोबार तथा खुला सीमाका कारण हुने राजस्व चुहावट नियन्त्रण गर्नु पनि उत्तिकै आवश्यक छ। पछिल्लो समय सीमावर्ती क्षेत्रमा तस्करी गतिविधि बढेको गुनासो सार्वजनिक भइरहेका बेला राजस्व प्रणालीलाई थप पारदर्शी र प्रविधिमैत्री बनाउनु आवश्यक देखिन्छ। राजस्व संकलनको वास्तविक सफलता तब मात्र मानिन्छ, जब वैधानिक व्यापार बढ्छ र अवैध कारोबार घट्छ।

बाँकी तेस्रो पृष्ठमा

## नारायणी सहित अस्पतालमा करोडौंको औषधि म्याद सकियो, व्यवस्थापन प्रणालीमै प्रश्न

***संवाहक सम्वादाता****-०२ जेष्ठ, कलैया*

वीरगञ्जस्थित नारायणी अस्पताल सहित देशभरका सरकारी स्वास्थ्य संस्थाहरूमा करोडौँ रुपैयाँ बराबरका औषधि तथा स्वास्थ्य सामग्री म्याद गुज्रिएर प्रयोग गर्न नसकिने अवस्थामा पुगेको तथ्य सार्वजनिक भएको छ। महालेखा परीक्षकको ६३औँ वार्षिक प्रतिवेदनले स्वास्थ्य क्षेत्रमा औषधि खरिद, भण्डारण र वितरण व्यवस्थापनमा गम्भीर लापरबाही देखिएको जनाएको छ।

प्रतिवेदनअनुसार देशभरका विभिन्न सरकारी अस्पताल तथा स्वास्थ्य निकायमा कुल ९ करोड १७ लाख रुपैयाँभन्दा बढी मूल्यका औषधि तथा मेडिकल सामग्री म्याद समाप्त भई प्रयोग गर्न अयोग्य बनेका छन्। यो अवस्थाले राज्यको



ठूलो लगानी खेर गएको मात्र होइन, स्वास्थ्य सेवामा समेत प्रत्यक्ष असर पर्ने खतरा देखिएको प्रतिवेदनमा उल्लेख छ।

स्वास्थ्य सेवा विभागअन्तर्गत मात्रै विगतमा खरिद गरिएका करिब ४ करोड ७२ लाख २० हजार रुपैयाँ बराबरका २८ प्रकारका औषधि म्याद सकिएर प्रयोग गर्न नसक्ने अवस्थामा पुगेका छन्। औषधि आपूर्ति र वितरणको मुख्य जिम्मेवारी रहने संरचनामै यस्तो ठूलो परिमाणमा सामग्री खेर जानु प्रणालीगत कमजोरीको संकेत

बाँकी तेस्रो पृष्ठमा

## नयाँ भन्सार नियमपछि ८ छोटी नाका बन्द, ठोरी कायम हुँदा माडी-ठोरी क्षेत्रमा खुशी

***संवाहक सम्वादाता****-०२ जेष्ठ, कलैया*

सरकारले नयाँ भन्सार नियमावली, २०८३ लागू गरेसँगै देशभरका अधिकांश छोटी भन्सार कार्यालय बन्द गरेको छ। भन्सार नियमावली, २०६४ लाई प्रतिस्थापन गर्दै लागू गरिएको नयाँ व्यवस्थाअनुसार अब देशभर १ सय ३३ मध्ये केवल १८ वटा छोटी भन्सार कार्यालय मात्र सञ्चालनमा रहने भएका छन्।

वीरगञ्ज भन्सार कार्यालय अन्तर्गत सञ्चालित ११ वटा छोटी भन्सारमध्ये अब मटिअर्वा, भिस्वा र ठोरी मात्र कायम राखिएको छ। वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीका अनुसार अलौ, कबही, सिम्रौनगढ, पर्सौनीभाठा, कचोर्वा, पिपरपाती, जानकीटोला र सिर्सिया नाकाहरू बन्द गरिएका छन्।

ठोरी छोटी भन्सार कायम



राखिएको निर्णयपछि पर्साको ठोरी र चितवनको माडी क्षेत्रमा भने उत्साह देखिएको छ। स्थानीय पर्यटन व्यवसायीहरूले ठोरी नाका सञ्चालनमा रहँदा भारतीय पर्यटकको आगमन सहज हुने र त्यसबाट माडी क्षेत्रको पर्यटन तथा होमस्टे व्यवसायमा सकारात्मक प्रभाव पर्ने बताएका छन्।

माडीस्थित लक्षिमबास होमस्टे सञ्चालक समितिका अध्यक्ष जीतबहादुर चापागाईले ठोरी नाका कायम रहनुले स्थानीय पर्यटन क्षेत्रलाई राहत पुगेको प्रतिक्रिया दिएका छन्। उनका

बाँकी तेस्रो पृष्ठमा

## महानगर प्रमुख सिंहविरुद्ध चारवटा गम्भीर मुद्दा दर्ता

***संवाहक सम्वादाता****-०२ जेष्ठ, कलैया*

राजेशमान सिंह विरुद्ध जिल्ला अदालत पर्सामा चारवटा मुद्दा दर्ता भएको छ। अर्काकी छोरीलाई आफ्नै सन्तान देखाई झुटा विवरणका आधारमा जन्मदर्ता, नागरिकता र राहदानी बनाएको आरोप उनीमाथि लागेको हो।

जिल्ला सरकारी वकिल कार्यालय पर्साले मेयर सिंहसहित चार जनाविरुद्ध लिखतसम्बन्धी कसुर, नागरिकता किर्ते तथा राहदानीसम्बन्धी कसुरमा मुद्दा दायर गरेको हो। अभियोगमा तत्कालीन पञ्जीकरण अधिकारीसहित अन्य व्यक्तिहरूलाई पनि प्रतिवादी बनाइएको छ।




अभियोगपत्रअनुसार मेयर सिंहले २०७१ सालमा एक व्यक्तिलाई आफ्नी श्रीमतीका रूपमा देखाउँदै अर्की बालिकाको जन्मदर्ता गराएको र त्यसकै आधारमा पछि नागरिकता तथा राहदानीसमेत बनाइएको दाबी गरिएको छ।

उक्त प्रकरण २०८० सालमा उजुरी परेपछि सार्वजनिक भएको हो। अनुसन्धान ढिलो भएको भन्दै अदालतमा रिट दायर भएपछि उच्च अदालतले प्रहरीलाई

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........


### शिक्षाको नाममा ठगी : कन्सल्टेन्सीमाथिको कारबाही पर्याप्त छैन

विदेशमा उच्च शिक्षा हासिल गर्ने नेपाली युवाको सपना पछिल्लो समय केही शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी) का लागि कमाइ खाने माध्यम बन्दै गएको छ। आकर्षक भविष्य, राम्रो विश्वविद्यालय र सहज भिसाको प्रलोभन देखाएर लाखौं रुपैयाँ असुल्ने तर अन्ततः विद्यार्थीलाई अलपत्र पार्ने प्रवृत्ति वर्षौंदेखि मौलाउँदै आएको थियो। यही पृष्ठभूमिमा प्रहरीले ६९ जना कन्सल्टेन्सी सञ्चालकलाई नियन्त्रणमा लिनु सामान्य घटना मात्र होइन, शिक्षाको नाममा भइरहेको व्यवस्थित ठगीविरुद्धको महत्वपूर्ण संकेत हो। शिक्षा ऐन, नियमावली र शैक्षिक परामर्श सेवा निर्देशिकाले स्पष्ट मापदण्ड तोकेको भए पनि धेरै कन्सल्टेन्सी दर्ता नवीकरणबिना, इजाजतबिना र कुनै प्रभावकारी अनुगमनबिना सञ्चालन भइरहेका थिए। कतिपय संस्थाले नक्कली अफर लेटर, झुटा आश्वासन र भ्रमपूर्ण विज्ञापनमार्फत विद्यार्थी र अभिभावकलाई ठगिरहेका थिए। दुःखको कुरा, यस्ता गतिविधि लामो समयदेखि चलिरहँदा सम्बन्धित निकाय प्रभावकारी रूपमा मौन देखिनु झन् गम्भीर विषय हो।

विदेश अध्ययन नेपाली युवाको आवश्यकता र आकांक्षासँग जोडिएको विषय हो। देशभित्र गुणस्तरीय शिक्षा, रोजगारी र अवसरको अभावले हजारौं युवा हरेक वर्ष विदेशिन बाध्य छन्। यही बाध्यताको फाइदा उठाएर केही कन्सल्टेन्सीले शिक्षा क्षेत्रलाई नै व्यापारिक ठगीको माध्यम बनाएका छन्। यसले आर्थिक क्षति मात्र होइन, युवाको भविष्य, आत्मविश्वास र परिवारको सपना समेत तोड्ने काम गरेको छ। प्रहरीको पछिल्लो कारबाही स्वागतयोग्य भए पनि केवल पक्राउ र छापामारीले मात्र समस्या समाधान हुँदैन। राज्यले शैक्षिक परामर्श क्षेत्रलाई व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन दीर्घकालीन नीति लागू गर्न आवश्यक छ। नियमित अनुगमन, कडा लाइसेन्स प्रणाली, अनिवार्य मापदण्ड पालन र पीडितलाई छिटो न्याय सुनिश्चित गर्न सके मात्र यस्तो ठगी नियन्त्रणमा आउन सक्छ। साथै विद्यार्थी र अभिभावक पनि सचेत हुन आवश्यक छ। आकर्षक विज्ञापन, 'शतप्रतिशत भिसा' जस्ता नारामा विश्वास गर्नु अघि सम्बन्धित कन्सल्टेन्सीको वैधानिकता, अनुमति र विश्वसनीयता जाँच्नुपर्छ।

शिक्षा भविष्य निर्माणको आधार हो, ठगीको माध्यम होइन। त्यसैले शिक्षा क्षेत्रको विश्वसनीयता जोगाउन सरकार, नियामक निकाय, सञ्चारमाध्यम र नागरिक समाज सबैले संयुक्त रूपमा जिम्मेवारी निभाउनैपर्छ।

# सार्वजनिक प्रशासनमा नैतिकता



कानुनी नैतिकताले कर्मचारीलाई दण्डको डरले नियम पालना गर्न सिकाउँछ । व्यक्तिगत नैतिकताले मानिसलाई स्वस्फूर्त रूपमा सही बाटोमा हिँडाउँछ । नेपालको प्रशासनमा अहिले यी दुवैको सन्तुलन आवश्यक छ; जहाँ एकातिर कानुन मिच्नेलाई कडा कारबाही हुनु पर्छ भने अर्कातिर इमानदार कर्मचारीलाई राज्यले सुरक्षा र सम्मानको प्रत्याभूति दिनु पर्छ ।



श्याम न्यौपाने

सार्वजनिक प्रशासन राज्यको त्यो आधारभूत र क्रियाशील संयन्त्र हो, जसले सरकारका नीति, योजना र कार्यक्रमलाई नागरिकको दैलोसम्म पुऱ्याउने सेतुको काम गर्छ। राज्य र जनताबिचको प्रत्यक्ष सम्बन्धको कडी पनि प्रशासन नै हो । देशको विकासको गति र सुशासनको वास्तविक मापन त्यहाँको प्रशासनिक संयन्त्र कति नैतिक, निष्पक्ष र व्यावसायिक छ भन्ने विषयले निर्धारण गर्छ । सार्वजनिक सेवा प्रवाहमा भौतिक स्रोत र साधनको उपलब्धता हुनु मात्र पर्याप्त होइन, ती स्रोतको न्यायोचित र कुशल परिचालन गर्ने मानव संसाधनमा कस्तो चारित्रिक विशेषता छ भन्ने कुराले नै राष्ट्रको भविष्य कोर्छ । सार्वजनिक प्रशासनमा नैतिकता केवल कानुन पालना वा कार्यविधिको औपचारिकता मात्र होइन; यो त एक प्रशासकको चरित्र, व्यवहार र कार्यशैलीमा प्रतिविम्बित हुने उच्च मानवीय मूल्य र निष्ठाको समष्टिगत रूप हो। नेपाल जस्तो भौगोलिक जटिलता र सामाजिक विविधता भएको मुलुकमा, जहाँ राज्यले सङ्घीयतामार्फत शक्ति र स्रोतको तल्लो तहसम्म विकेन्द्रीकरण गरेको छ, त्यहाँ सार्वजनिक पद धारण गरेका व्यक्तिको नैतिक आचरण झनै बढी अर्थपूर्ण र संवेदनशील बनेको छ। नैतिकताको अभावमा जतिसुकै उत्कृष्ट ऐन-कानुन र प्रविधि भित्र्याए पनि त्यसले नागरिकलाई वास्तविक न्याय, अपनत्व र सेवाको अनुभूति गराउन सक्दैन। सार्वजनिक प्रशासनमा नैतिकताका सिद्धान्त विश्वव्यापी रूपमा मान्य छन्, जसमध्ये बेलायतको नोलन समितिले प्रतिपादन गरेका सात सिद्धान्तलाई विश्वभरि नै सदाचारको प्रमुख मानक मानिन्छ । यी सिद्धान्तमा निःस्वार्थता, निष्ठा, वस्तुनिष्ठता, जवाफदेहिता, पारदर्शिता, इमानदारी र नेतृत्व पर्छन्, जसले प्रशासकलाई सधैँ यो स्मरण गराउँछन् कि उनीहरूले प्रयोग गर्ने शक्ति, समय र स्रोत कुनै निजी सम्पत्ति नभई जनताले दिएको नासो हो । निःस्वार्थताको सिद्धान्तले प्रशासकलाई व्यक्तिगत, पारिवारिक वा समूहगत हितभन्दा माथि उठेर बृहत्तर सार्वजनिक हितका लागि काम गर्न प्रेरित गर्छ । नेपालका सन्दर्भमा सरकारी स्रोत-साधनको दोहन र नीतिगत भ्रष्टाचारको ठुलो चुनौती रहेको परिप्रेक्ष्यमा जबसम्म कर्मचारीमा 'म सेवा गर्न बसेको हुँ, मेवा खान होइन' भन्ने भावना जागृत हुँदैन तबसम्म प्रशासनिक नैतिकताको जग बलियो हुन सक्दैन । सार्वजनिक निर्णय गर्दा वित्तीय वा अन्य भौतिक लाभको लालसा त्याग्नु नै निःस्वार्थताको कसी हो । नेपालको कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप र त्यसका अगाडि 'लम्पसार' प्रवृत्ति एउटा दीर्घकालीन रोग बनेको छ । कर्मचारीहरू राजनीतिक दलका भ्रातृ सङ्गठनमा आबद्ध हुनु, ट्रेड युनियनका नाममा राजनीतिक शक्ति आर्जन गर्नु र सरुवा, बढुवाका लागि शक्तिकेन्द्र धाउने प्रवृत्तिले प्रशासनिक निष्ठालाई धमिलो बनाएको छ । निष्ठा र इमानदारीले कर्मचारीलाई बाह्य दबाब वा प्रलोभनमा नपरी आफ्नो कर्तव्यमा अडिग रहन र कुनै पनि निर्णय गर्दा स्वार्थ बाझिएमा त्यसको अग्रिम घोषणा गर्न सिकाउँछ। प्रशासनमा वस्तुनिष्ठता र निष्पक्षताले 'आफ्नो मान्छे' भन्दा पनि 'योग्य मान्छे' र 'तथ्य' लाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिन्छ। नेपाली समाजमा नातावाद, कृपावाद र 'आफ्ना' लाई संरक्षण गर्ने प्रवृत्ति गहिरोसँग जकडिएको छ । यसले गर्दा योग्य व्यक्ति अवसरबाट वञ्चित हुने र पहुँचवालाले लाभ लिने स्थिति छ; जसले सामाजिक न्यायको उपहास गर्छ। निर्णय गर्दा कुनै पनि प्रकारको पूर्वाग्रह, जाति, धर्म वा राजनीतिक आस्थाका आधारमा भेदभाव नगरी केवल कानुन, प्रमाण र योग्यताका आधारमा कार्य गर्नु नै नैतिक प्रशासनको पहिचान हो। आधुनिक सुशासनमा जवाफदेहिता र पारदर्शिता अपरिहार्य तत्व हुन्; सार्वजनिक पदमा बस्ने व्यक्ति आफूले गरेका प्रत्येक कार्य र लिएका निर्णयका लागि जनता, संसद् र कानुनप्रति उत्तरदायी हुनु पर्छ । नेपालमा ढिलासुस्ती र जिम्मेवारी पन्छाउने प्रवृत्तिले नागरिकलाई आजित बनाएको छ । पारदर्शिताले प्रशासनभित्रका गुप्त क्रियाकलापलाई जनताको नजरमा ल्याउँछ र सूचनाको हक तथा डिजिटल प्रविधिको प्रयोगमार्फत भ्रष्टाचारका छिद्रहरू बन्द गर्न मद्दत गर्छ । नेतृत्वको सिद्धान्तले उच्च पदस्थ कर्मचारीलाई रोल मोडेल बन्न मार्गनिर्देश गर्छ। यदि नेतृत्व तहमा रहेका सचिव वा कार्यालय प्रमुखहरू आफैँ अनुशासित छैनन् भने उनीहरूले मातहतबाट सदाचारको अपेक्षा गर्नु निरर्थक हुन्छ ।

नेपालले एकात्मक राज्य प्रणालीबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा फड्को मारेसँगै सार्वजनिक प्रशासनको संरचना र अधिकारको दायरा पनि बदलिएको छ । अहिले अधिकार र बजेट सिंहदरबारबाट गाउँ गाउँका स्थानीय तहसम्म पुगेको छ । तर यो विकेन्द्रीकरणसँगै भ्रष्टाचार र अनैतिकताको पनि विकेन्द्रीकरण भएको आशङ्का गर्न थालिएको छ। स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीबिचको सम्बन्धमा देखिने द्वन्द्व, उपभोक्ता समितिमार्फत हुने काममा अनियमितता र सामाजिक सुरक्षा भत्तादेखि विकास निर्माणका योजनामा हुने भागबन्डाले नैतिकताको प्रश्नलाई झन् टड्कारो बनाएको छ। सङ्घीयताको सफलता कर्मचारीको सदाचारमा निर्भर गर्दछ किनकि जनताले सरकारलाई भेट्ने भनेकै वडा कार्यालय वा पालिकामा हो । नेपालमा सार्वजनिक प्रशासनलाई नैतिक बनाउन संविधान, निजामती सेवा ऐन, भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता कानुनी र संस्थागत प्रयास भए पनि मुख्य समस्या कार्यान्वयनको दृढ इच्छाशक्तिमा छ । कानुनी नैतिकताले कर्मचारीलाई दण्डको डरले नियम पालना गर्न सिकाउँछ। व्यक्तिगत नैतिकताले मानिसलाई स्वस्फूर्त रूपमा सही बाटोमा हिँडाउँछ । नेपालको प्रशासनमा अहिले यी दुवैको सन्तुलन आवश्यक छ; जहाँ एकातिर कानुन मिच्नेलाई कडा कारबाही हुनु पर्छ भने अर्कातिर इमानदार कर्मचारीलाई राज्यले सुरक्षा र सम्मानको प्रत्याभूति दिनु पर्छ । नेपालको प्रशासनमा नैतिकता कमजोर हुनुमा केही गहिरा सामाजिक र संरचनागत कारण छन् । दण्डहीनताको संस्कृतिले गर्दा ठुला भ्रष्टाचारी राजनीतिक संरक्षणका कारण उम्कने र साना कर्मचारी मात्र कारबाहीमा पर्ने गर्दा नैतिकताको मूल्य कमजोर भएको छ। समाजमा व्याप्त उपभोगवादी संस्कृतिले धन र भौतिक सुखलाई नै सफलताको मापन मान्ने प्रवृत्तिका कारण कर्मचारीहरू वैध आम्दानीले नपुगेर अवैध बाटो रोज्न प्रेरित हुन्छन्। अत्यधिक राजनीतीकरणले गर्दा कर्मचारीले आफ्नो व्यावसायिक कर्तव्य बिर्सिएर राजनीतिक कार्यकर्ताका रूपमा भूमिका निर्वाह गर्न थालेका छन्। इमानदार भएर काम गर्दा हतोत्साहित गरिने, दुर्गममा सरुवा गरिने वा करिअरमा बाधा पुऱ्याइने डरले धेरै कर्मचारीहरू 'मौन' वा 'मतियार' बन्ने गरेका छन्। यस अवस्थालाई चिर्न सार्वजनिक प्रशासनलाई नैतिकताको कसीमा खरो उतार्न मूल्यमा आधारित शिक्षा र तालिम अनिवार्य छ। कर्मचारीलाई सेवा अवधिभरि नै नैतिक मूल्य र सदाचारसम्बन्धी 'रिफ्रेसर' तालिम दिइनु पर्छ। स्वार्थको द्वन्द्वसम्बन्धी कडा कानुन र त्यसको कडाइका साथ पालना, प्रविधिमा आधारित सेवा प्रवाह तथा पुरस्कार र दण्डको वास्तविक कार्यान्वयन आजको आवश्यकता हो । 'राम्रो गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्ड' को सिद्धान्त व्यवहारमा उतार्दै कार्यसम्पादन मूल्याङ्कनलाई नैतिकतासँग जोड्नु पर्छ । साथै नागरिक समाज र सञ्चार माध्यमको सक्रियतामा सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण जस्ता नागरिक निगरानीका औजारलाई प्रभावकारी बनाउनु पर्छ । निष्कर्षमा भन्नुपर्दा सार्वजनिक प्रशासनमा नैतिकता कुनै सजावटको वस्तु वा भाषणको विषय मात्र होइन, यो त राज्यको अस्तित्व जोगाउने र लोकतन्त्रलाई बलियो बनाउने प्राणवायु हो । नेपालले सङ्घीयता कार्यान्वयनको चुनौतीपूर्ण मोडमा उभिएका बेला नागरिकको प्रत्यक्ष सम्पर्कमा रहने कर्मचारीको आचरण झन् बढी अनुकरणीय हुन जरुरी छ । प्रशासनलाई जनमुखी, निष्पक्ष र भ्रष्टाचारमुक्त बनाउनका लागि कर्मचारीको सोच र कार्यशैलीमा आमूल परिवर्तनको खाँचो छ । जबसम्म प्रशासकले आफूलाई 'शासक' होइन, 'सेवक' का रूपमा आत्मसात् गर्दैनन् र 'जनताको करबाट मेरो चुलो बलेको छ' भन्ने बोध गर्दैनन् तबसम्म सुशासनको परिकल्पना अधुरै रहन्छ । नैतिकतायुक्त प्रशासन नै समुन्नतिको आधारशिला बन्न सक्छ। त्यसैले नैतिक सिद्धान्तलाई केवल पाठ्यपुस्तक र कानुनका पानामा सीमित नराखी दैनिक व्यवहारमा उतार्नु नै आजको मुख्य चुनौती र समाधान दुवै हो । प्रशासकको हातमा रहेको कलमले न्याय र सेवाको मसी छर्न सकेमा मात्र नेपालको सार्वजनिक प्रशासनले जनविश्वास आर्जन गर्न सक्ने छ ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## कङ्गोमा इबोला प्रकोपको कारण ८० जनाको मृत्यु



***किन्शासा (कङ्गो), जेठ २ गते ।*** लोकतान्त्रिक गणतन्त्रको कङ्गोको पूर्वी क्षेत्रमा नयाँ इबोला प्रकोपबाट मृत्यु हुनेहरुको सङ्ख्या ८० जना पुगेको कङ्गो स्वास्थ्य मन्त्रालयले घोषणा गरेको छ । कङ्गोलका स्वास्थ्य मन्त्री स्यामुएल रोजर कम्बाले विज्ञप्ति जारी गर्दै विशेष प्रयोगशाला परीक्षणले गत हप्ताको अन्तमा इबोला भाइरसको आठ वटा प्रारम्भिक घटना पुष्टि गरेको छ ।

संक्रमण रुवाम्पारा, मोङ्ग्वालु र बुनियाको स्वास्थ्य क्षेत्रमा पत्ता लागेको जनाउँदै स्वास्थ्य अधिकारीले हाल कम्तिमा २४६ वटा शंकासस्पद केसमा निगरानी गरिरहेको बताएका छन् । प्रकोपको प्रतिक्रियामा, कङ्गो सरकारले भाइरसको फैलावट रोक्न मद्दत गर्न आफ्नो जनस्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र सक्रिय गरेको छ । यसै गरी विकेन्द्रीकृत निदान परीक्षणको विस्तार, महामारी विज्ञान निगरानीलाई सुदृढ पार्नु, र प्रभावित क्षेत्रमा द्रुत प्रतिक्रिया टोलीहरू तैनाथ गर्ने लगायतका कार्य गरेको जनाएको छ ।

अफ्रिका सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (अफ्रिका सिडिसि) ले उत्तरपूर्वी इटुरी प्रान्तमा प्रकोपलाई आधिकारिकरूपमा सक्रिय क्षेत्रीय स्वास्थ्य आपतकालको रूपमा वर्गीकृत गरेपछि यो कदम चालिएको हो ।

## वीरगञ्ज ...

भन्सार प्रशासनले केवल राजस्व असुलीमा सीमित नभई व्यापार सहजीकरण, पारदर्शिता र चुहावट नियन्त्रणमा समान रूपमा ध्यान दिनुपर्छ। साथै सरकारले आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी दिशातर्फ लैजान उद्योग, कृषि र निर्यात प्रवर्द्धनमा दीर्घकालीन नीति अवलम्बन गर्न जरुरी छ। अन्यथा भन्सारमा उठेको ठूलो राजस्वले अर्थतन्त्रको वास्तविक स्वास्थ्य झल्काउन सक्दैन।

## नयाँ भन्सार...

अनुसार सीमावर्ती आवागमन सहज हुँदा आन्तरिक तथा भारतीय पर्यटक आकर्षित हुने अपेक्षा गरिएको छ।

यता सरकारले सीमावर्ती क्षेत्रमा हुने सस्तो सामानको आयात नियन्त्रण गरी नेपाली बजारलाई प्रोत्साहन गर्ने उद्देश्यसहित नीति ल्याएको जनाएको छ। यसअघि नुन, तेल, मसला, साबुनदेखि दैनिक उपभोग्य सामग्री खरिद गर्न नेपाली उपभोक्ता भारतीय बजार जाने क्रम बढेपछि सीमावर्ती नेपाली बजार प्रभावित हुँदै आएका थिए।

नयाँ नियमावलीअनुसार अब छोटी भन्सारमार्फत एक पटकमा बढीमा १० हजार रुपैयाँसम्मको सामान मात्र ल्याउन पाइने व्यवस्था गरिएको छ। यसअघि केही नाकाबाट २५ हजार रुपैयाँसम्मका सामग्री ल्याउन पाइन्थ्यो।

तर सीमावर्ती क्षेत्रका स्थानीयवासीले भने भन्सार कटौती र सामान ल्याउने सीमा घटाइएका कारण दैनिक उपभोग्य वस्तु खरिदमा समस्या थपिएको बताएका छन्। वीरगञ्ज महानगरपालिका-१७ का वडाध्यक्ष सञ्जु छतकुलीले वर्षौंदेखि सञ्चालनमा रहेका नाकाहरू बन्द हुँदा स्थानीय आर्थिक गतिविधि प्रभावित हुने र सीमावर्ती बासिन्दाको दैनिकी कठिन बन्न सक्ने बताए।

सरकारले स्वदेशी बजारलाई प्रोत्साहन गर्ने रणनीति अघि सारे पनि सीमावर्ती क्षेत्रका नागरिकको व्यावहारिक समस्या र स्थानीय व्यापारको हितबीच सन्तुलन कायम गर्नु चुनौतीपूर्ण देखिएको छ।

## नारायणी ...

भएको प्रतिवेदनको निष्कर्ष छ। सरकारी स्वास्थ्य सेवाको प्रमुख केन्द्र मानिने वीर अस्पताल मा मात्रै १ करोड ४३ लाख ७५ हजार रुपैयाँ बराबरका ६०१ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री म्याद गुज्रिएको छ। त्यस्तै, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान मा १ करोड १९ लाख ९६ हजार रुपैयाँ, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल मा १ करोड २३ हजार रुपैयाँ तथा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रमा ४७ लाख ७० हजार रुपैयाँ बराबरका औषधि तथा सामग्री प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेका छन्। महालेखाको प्रतिवेदनले आपूर्तिकर्तासँग गरिएको सम्झौतामा म्याद सकिएका वा गुणस्तरहीन औषधि फिर्ता गरी प्रतिस्थापन गर्नुपर्ने स्पष्ट व्यवस्था भए पनि व्यवहारमा कार्यान्वयन कमजोर रहेको जनाएको छ। सम्झौताका प्रावधानअनुसार सामग्री प्रतिस्थापन गर्न सकिने व्यवस्था भए पनि सम्बन्धित निकायले त्यसलाई प्रभावकारी रूपमा लागू नगरेको कारण ठूलो आर्थिक क्षति भएको उल्लेख छ।
यसले औषधि खरिद योजना, माग अनुमान, भण्डारण क्षमता र वितरण व्यवस्थापनबीच समन्वय कमजोर रहेको देखाएको छ। धेरै मात्रामा औषधि एकैपटक खरिद गर्ने तर समयमै प्रयोग तथा वितरण नहुँदा स्टक बसेर म्याद सकिने समस्या दोहोरिँदै आएको प्रतिवेदनमा भनिएको छ।
विशेषज्ञहरूले यस्तो समस्या रोक्न औषधि खरिद प्रणाली सुधार, डिजिटल स्टक व्यवस्थापन, नियमित अनुगमन तथा आवश्यकताअनुसार मात्र खरिद गर्ने अभ्यास अनिवार्य गर्नुपर्ने सुझाव दिएका छन्।

## प्रशासकीय ...

सञ्चालन, घरभाडा, बालबालिकाको विद्यालय शुल्क तथा अन्य आवश्यक खर्च व्यवस्थापन गर्न कठिन भएको कर्मचारीहरूले बताएका छन्। "काम गरिरहेका छौं, तर तीन महिनादेखि तलब पाएका छैनौं," एक कर्मचारीले गुनासो गरे।
यता विकास योजनामा संलग्न निर्माण व्यवसायीहरूले पनि भुक्तानी रोकिँदा कामको गति सुस्त बनेको बताएका छन्। भुक्तानी अभावका कारण कतिपय योजनाको काम प्रभावित भएको जनाइएको छ।
वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले संघीय सरकारले स्थानीय तहसँग समन्वय नगरी निर्णय थोपर्ने प्रवृत्तिका कारण समस्या उत्पन्न भएको बताएका छन्। उनले समस्याको समाधानका लागि मन्त्रालयसँग पटक-पटक पत्राचार गरिए पनि हालसम्म निकास ननिस्किएको बताए।
प्रमुख प्रशासकीय अधिकृत नियुक्तिको विषयमा देखिएको अन्योलका कारण महानगरको दैनिक प्रशासनिक काम, आर्थिक कारोबार तथा सेवा प्रवाह प्रभावित बनेपछि स्थानीयवासीले चासो व्यक्त गरेका छन्। उनीहरूले संघीय सरकार र स्थानीय तहबीच समन्वय गरी तत्काल समस्या समाधान गर्न माग गरेका छन्।

## काठमाडौं...

प्रधानाध्यापक रामचन्द्र ढुङ्गानाका अनुसार यस वर्ष एसईई दिएका सबै ३३ विद्यार्थी 'ग्रेडेड' भएका छन्। विद्यालयले अभिभावकलाई समेत आयआर्जनका लागि सीपमूलक कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।
बाल सेवा माध्यमिक विद्यालय झोछेंले पनि विपन्न परिवारका बालबालिकाबीच उत्कृष्ट नतिजा ल्याउन सफल भएको छ। प्रधानाध्यापक मञ्जु पाठकका अनुसार महानगरपालिकाको लगानी, विद्यालय परिवारको मेहनत तथा विभिन्न संघसंस्थाको सहयोगले शिक्षण वातावरण सुधार्न मद्दत पुगेको छ।
काठमाडौं महानगर शिक्षा विभागका प्रमुख नमराज ढकालका अनुसार यस वर्ष महानगरका ७६ दशमलव ७५ प्रतिशत विद्यार्थी एसईईमा 'ग्रेडेड' भएका छन्। महानगरभित्रका ६० विद्यालयबाट ४ हजार १६७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए।
महानगरले सञ्चालन गरेका नतिजा सुधार कार्यक्रम, अतिरिक्त कक्षा, शिक्षक तालिम, स्मार्ट कक्षा र 'पुस्तकरहित शुक्रबार' जस्ता कार्यक्रमले शैक्षिक गुणस्तर सुधारमा सकारात्मक प्रभाव पारेको शिक्षा विभागले जनाएको छ।

## नाइजेरियामा आतङ्कवादीद्वारा दर्जनौँ बच्चाको अपहरण



***अबुजा (नाइजेरिया), जेठ २ गते ।*** उत्तरपूर्वी नाइजेरियाको बोर्नो राज्यमा सशस्त्र आतङ्कवादीले दर्जनौं स्कुलका बच्चालाई अपहरण गरेको र हाल उनीहरूको अवस्था अज्ञात रहेको जनाइएको छ । नाइजेरियाको मुसा गाउँको प्राथमिक विद्यालयबाट ३५ देखि ४३ जना विद्यार्थी अपहरण गरिएको विद्यार्थीका अभिभावक तथा क्षेत्रका बासिन्दाले अनुमान गरेका छन् ।

नाइजेरियाली सेनाले सहर छोडेको केही समयपछि यो घटना भएको उनीहरूले उल्लेख गरेका छन् । सेनाले उक्त सहर छोडेको आधा घण्टाभन्दा कम समयमा मोटरसाइकलमा यस सहरमा आइपुगेका आतङ्कारीले र प्राथमिक विद्यालय र शिशु स्याहारका बच्चाको अपहरण गरेको बासिन्दाले बताएका छन् ।

अफ्रिकाको सबैभन्दा बढी जनसङ्ख्या भएको देश नाइजेरियाले विगत १७ वर्षदेखि सशस्त्र सङ्गठनसँग लडिरहेको छ । यी समूहले बारम्बार अपहरण आक्रमणलगायतका आतङ्कवादी क्रियाकलापको माध्यामबाट स्थानीय वासीलाई दुखः दिने गरेको जनाइएको छ ।


## महानगर ...

अनुसन्धान अघि बढाउन आदेश दिएको थियो। त्यसपछि प्रहरीले प्रतिवेदन तयार गरी सरकारी वकिल कार्यालयमा बुझाएको थियो। अभियोग पुष्टि भएमा १५ हजारदेखि ५ लाख रुपैयाँसम्म जरिवाना तथा ६ महिनादेखि ३ वर्षसम्म कैद सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको जनाइएको छ। मुद्दा दर्तासँगै वीरगञ्जको राजनीतिक र प्रशासनिक क्षेत्रमा यसले ठूलो चर्चा र बहस सिर्जना गरेको छ।

## संविधान...


अन्त्य गर्ने प्रतिबद्धतासहित आएको नेतृत्वबाट फेरि त्यही प्रवृत्ति दोहोरिनु दुर्भाग्यपूर्ण हुने टिप्पणी गरेका छन्। संविधान जस्तो संवेदनशील विषयमा विज्ञता, अनुभव र पारदर्शितालाई प्राथमिकता दिनुपर्ने उनको जोड छ।

"यो संविधान फिल्म होइन, देशको सर्वोच्च कानुन हो," भन्दै उनले संविधान संशोधनजस्तो गम्भीर विषयमा राजनीतिक वा व्यक्तिगत निकटताको आधारमा नभई क्षमता र योग्यताका आधारमा नियुक्ति हुनुपर्ने बताएका छन्।










# दिगो र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि संरचनात्मक सुधार आवश्यक : महालेखापरीक्षक

***२ जेठ, काठमाडौं ।***

महालेखापरीक्षकको कार्यालय ले दिगो तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि उत्पादन, रोजगारी र सीप विकासमा केन्द्रित नीतिगत तथा संरचनात्मक सुधार आवश्यक रहेको सुझाव दिएको छ।




कार्यालयको ६३औँ वार्षिक प्रतिवेदनमा आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा दक्ष जनशक्ति विकासमार्फत दीर्घकालीन आर्थिक वृद्धि हासिल गर्नुपर्ने उल्लेख गरिएको छ। प्रतिवेदनले वैश्विक आर्थिक अस्थिरता, प्राकृतिक विपद् र बाह्य जोखिमका कारण अर्थतन्त्रमा पर्न सक्ने दबाब न्यूनीकरण गर्न पूर्वतयारी तथा जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्नुपर्नेमा जोड दिएको छ।

प्रतिवेदनमा नगदमा आधारित कारोबार क्रमशः घटाउँदै डिजिटल भुक्तानी प्रणाली विस्तार गर्नुपर्ने सुझाव पनि दिइएको छ। औपचारिक अर्थतन्त्रको दायरा फराकिलो बनाउन डिजिटल सार्वजनिक पूर्वाधार विकास, पारदर्शी कारोबार प्रणाली तथा सबै आर्थिक गतिविधिमा बिल-बीजक अनिवार्य गर्ने व्यवस्था प्रभावकारी रूपमा लागू गर्नुपर्ने उल्लेख गरिएको छ।

त्यसैगरी पर्यटन क्षेत्रलाई वैदेशिक मुद्रा आर्जनको महत्वपूर्ण आधारका रूपमा उपयोग गर्न पूर्वाधार विकास, सेवाको गुणस्तर सुधार, नयाँ गन्तव्यको पहिचान तथा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्नुपर्ने सुझाव प्रतिवेदनमा समेटिएको छ। महालेखापरीक्षकको कार्यालयले आर्थिक आत्मनिर्भरता हासिल गर्न उत्पादनमुखी नीति, सुशासन र प्रविधिमैत्री आर्थिक प्रणालीलाई प्राथमिकतामा राख्नुपर्ने निष्कर्षसमेत प्रस्तुत गरेको छ।

# प्रशासकीय नेतृत्वको विवादले वीरगञ्ज महानगर ठप्प, कर्मचारी तलबविहीन अवस्थामा काम गर्न बाध्य

***संवाहक सम्वादाता***-०२ जेष्ठ, कलैया

प्रमुख प्रशासकीय अधिकृत नियुक्ति सम्बन्धी विवाद लम्बिँदा वीरगञ्ज महानगरपालिकाको प्रशासनिक कामकाज प्रभावित बनेको छ। विवादका कारण महानगरका कर्मचारीहरू तीन महिनादेखि तलबविहीन अवस्थामा काम गर्न बाध्य भएका छन् भने सेवा प्रवाह र विकास निर्माणका गतिविधिसमेत प्रभावित भएका छन्।




महानगर स्रोतका अनुसार २०८२ फागुनयता कर्मचारीहरूको तलब निकासा हुन सकेको छैन। महानगर कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विभिन्न शाखामा कार्यरत कर्मचारीहरूले नियमित रूपमा कार्यालयमा उपस्थित भई काम गरिरहे पनि पारिश्रमिक नपाउँदा आर्थिक समस्या झेल्नुपरेको बताएका छन्।

संघीय सरकारले रेशमलाल कँडेललाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउने निर्णय गरे पनि उनी हालसम्म कार्यालयमा हाजिर नभएको जनाइएको छ। यसअघि निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्दै आएका अरविन्दलाल कर्णको अधिकार कटौती भएपछि आर्थिक तथा प्रशासनिक प्रक्रिया प्रभावित बनेको कर्मचारीहरूको भनाइ छ।

तलब नपाउँदा दैनिक जीवन

बाँकी तेस्रो पृष्ठमा

# पत्रकार महासंघ बारा शाखाको वार्षिक साधारणसभा सँगै नविकरणको लागि आह्वान

***संवाहक सम्वादाता***-०२ जेष्ठ, कलैया

नेपाल पत्रकार महासंघ बारा शाखाले सदस्यता नविकरण गर्न बाँकी रहेका सदस्यहरुलाई अन्तिम मौका दिएको छ। शाखाको २०८३ जेठ २ गते बसेको कार्यसमिति बैठकले सदस्यता नविकरणका लागि यही महिनाको १२ गतेसम्म अन्तिम समय दिने निर्णय गरेको हो। महासंघले आवश्यक कागजातसहित निवेदन पेश गर्न आग्रह गरेको छ। पटक-पटक सूचना जारी गर्दा समेत तोकिएको अवधिभित्र सदस्यता नविकरणमा चासो नदिए त्यसको जिम्मेवारी कार्यसमिति नहुने महासंघले जनाएको छ।

यस्तै, महासंघ बारा शाखाले वार्षिक साधारणसभा (भेला) पनि आह्वान गरेको छ। शाखाको निर्णयअनुसार साधारणसभा २०८३ जेठ ९ गते शनिबार बिहान ८ बजे महागढीमाई नगरपालिका-१ स्थित विवाह मण्डपमा आयोजना हुनेछ।

भेलामा आगामी रणनीति तथा योजना निर्माण, पुरस्कार वितरण, विभिन्न प्रतिवेदन प्रस्तुतिलगायत विषयमा छलफल गरिने जनाइएको छ। महासंघले बारा शाखामा आबद्ध सम्पूर्ण पत्रकारहरुलाई अनिवार्य उपस्थितिका लागि आग्रह गरेको छ।

# संविधान संशोधन कार्यदलमा नियुक्ति विवाद : मिराज ढुंगानाले मागे संयोजकको “सिभी” सार्वजनिक गर्न

***२ जेठ, काठमाडौं ।***

जेनजी अभियन्ता मिराज ढुंगाना ले संविधान संशोधनका लागि गठित कार्यदलको नियुक्ति प्रक्रियामाथि प्रश्न उठाउँदै संयोजकको योग्यता र अनुभव सार्वजनिक गर्न माग गरेका छन्।



सामाजिक सञ्जालमार्फत प्रधानमन्त्रीलाई सम्बोधन गर्दै खुलापत्र लेखेका ढुंगानाले संविधान सुझाव कार्यदलमा चलचित्र निर्देशक असिम शाह लाई नियुक्त गरिएको विषयमा पारदर्शिता खोजेका हुन्। उनले उक्त नियुक्ति विज्ञता र क्षमताका आधारमा गरिएको हो वा व्यक्तिगत निकटताका कारण गरिएको हो भन्ने स्पष्ट पार्न सरकारसँग माग गरेका छन्।

ढुंगानाले “यदि निर्देशक शाह संविधान संशोधनका लागि संविधानविद्हरूभन्दा सक्षम र विज्ञ हुनुहुन्छ भने उहाँको संविधानसम्बन्धी अनुभव र सिभी सार्वजनिक गरियोस्,” भन्दै प्रश्न उठाएका छन्। उनले योग्यता प्रमाणित भए नियुक्तिप्रति कुनै आपत्ति नरहने पनि उल्लेख गरेका छन्।

उनले प्रधानमन्त्रीलाई सम्बोधन गर्दै “यदि नियुक्ति निकटताका आधारमा गरिएको हो भने त्यसलाई स्पष्ट रूपमा स्वीकार गर्नुपर्छ,” भन्दै जनताले परिवर्तन र पारदर्शिताको अपेक्षा गरेको स्मरण गराएका छन्।

ढुंगानाले विगतमा आलोचना गरिएको नातावाद र पहुँचवाद

बाँकी तेस्रो पृष्ठमा

# काठमाडौंका ४ सामुदायिक विद्यालयले एसईईमा कायम राखे शतप्रतिशत नतिजा

२ जेठ, काठमाडौं ।

काठमाडौं महानगरपालिका अन्तर्गतका चार सामुदायिक विद्यालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा शतप्रतिशत नतिजा हासिल गरेका छन्। निरन्तर सुधारिएको शिक्षण पद्धति, शिक्षकको मेहनत र महानगरको लगानीका कारण सामुदायिक विद्यालयको नतिजामा उल्लेखनीय प्रगति देखिएको हो।

शतप्रतिशत विद्यार्थी ‘ग्रेडेड’ गराउन सफल विद्यालयमा केन्द्रीय बहिरा माध्यमिक विद्यालय नक्साल, श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल, बाल व्यवसायी माध्यमिक विद्यालय सिफल र बाल सेवा माध्यमिक विद्यालय झोछैँ रहेका छन्।

नक्सालस्थित केन्द्रीय बहिरा माध्यमिक विद्यालयले २०५५ सालदेखि लगातार शतप्रतिशत नतिजा कायम राख्दै आएको छ। विद्यालयका प्रधानाध्यापक उपेन्द्र यादवका अनुसार दृश्य माध्यमबाट गरिने शिक्षण विधि, शिक्षकको समर्पण र विद्यालय परिवारको निरन्तर मेहनतले यस्तो नतिजा सम्भव भएको हो। यस वर्ष उक्त विद्यालयबाट २१ जना बहिरा विद्यार्थी एसईईमा सहभागी भएका थिए।

यस्तै श्रम राष्ट्रिय माध्यमिक विद्यालयले पनि २०७२ सालदेखि निरन्तर उत्कृष्ट नतिजा कायम राख्दै आएको छ। विद्यालयका सहायक प्रधानाध्यापक सरोज खनालका अनुसार नियमित पठनपाठन, अतिरिक्त अभ्यास र शिक्षकहरूको निरन्तर मेहनतले नतिजा सुधारमा महत्वपूर्ण भूमिका खेलेको छ।

बाल व्यवसायी माध्यमिक विद्यालयले शारीरिक रूपमा अशक्त बालबालिकासमेतलाई शिक्षामा समेट्दै आएको छ। विद्यालयका

बाँकी तेस्रो पृष्ठमा

# इँटाको चाङ खस्दा तीन मजदुरको मृत्यु, दुई घाइते

***२ जेठ, सर्लाही ।***

हरिपुर नगरपालिका-५ स्थित कृष्ण इँटा उद्योगमा इँटाको चाङ खस्दा तीन मजदुरको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।



प्रहरीका अनुसार शुक्रबार साँझ करिब ६ बजे इँटा निकाल्ने क्रममा अचानक पर्खालसहितको चाङ भत्किँदा मजदुरहरू पुरिएका थिए। घटना कृष्ण इँटा उद्योग मा भएको हो। मृत्यु हुनेहरूमा फिताई मन्सुर, शम्भु राउत तथा भारतको लखिमपुर निवासी अंगद कुमार रहेका छन्।

घटनामा घाइते भएका तुलसी महतो र सत्यनारायण महतो को उपचार भइरहेको प्रहरीले जनाएको छ। तुलसी महतोको प्रादेशिक अस्पताल मलंगवामा तथा सत्यनारायण महतोको स्थानीय क्लिनिकमा उपचार भइरहेको छ।

इलाका प्रहरी कार्यालय हरिपुर का अनुसार दुर्घटनापछि तत्काल उद्धार कार्य गरी घाइतेहरूलाई उपचारका लागि अस्पताल पठाइएको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।